कृषि सामग्री कम्पनी लिमिटेड

योजना तथा जनशक्ति व्यवस्थापन महाशाखा

प्रधान कार्यालय कुलेश्वर, काठमाडौं

फोन नं. ०१-५३७९३६३

सूची दर्ता गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०३।१२

आर्थिक वर्ष २०८३/८४ को लागि यस कम्पनीलाई आवश्यक पर्ने तपसिलमा उल्लेखित सामान तथा विविध प्रकारका सेवाहरु आपूर्ति/मर्मत गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम सम्वन्धित विषयको कारोबार (काम) गर्न स्वीकृती प्राप्त गरेका इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरु तथा संघ संस्थाहरुको सूची दर्ता गराउनु पर्ने भएकोले आफ्नो फर्मले आपूर्ति/मर्मत गर्ने सामान एवं सेवाहरुको सूची दर्ताको लागि तपसिल बमोजिम छुट्टा-छुट्टै कामको लागि छुट्टा-छुट्टै समूह र विवरण नम्वर उल्लेख गरी खामबन्दी गरी यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालय समयमा यस कम्पनीको प्रधान कार्यालयमा सूची दर्ता गराउन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आवेदन फाराम तथा मौजुदा सूचीसंग सम्बन्धित अन्य आवश्यक विवरणहरु कम्पनीको **Website: www.kscl.gov.np** मा राखिएको छ । साथै उक्त कागजात यस कम्पनीको योजना तथा जनशक्ति व्यवस्थापन महाशाखाको सामान्य सेवा शाखाबाट समेत प्राप्त गर्न सकिनेछ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरण भरी सहिछाप गरी आवश्यक कागजातहरु सँलग्न गरी पेश गर्नु पर्नेछ। तोकिएको कागजातहरु पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन । आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहित रहनेछ ।

तपसिल

समूह	सूची शिर्षक/विवरण	समूह	सूची शिर्षक/विवरण
(क)	**मालसामान आपूर्ति** १) कम्प्यूटर उपकरण (ल्यापटप, कम्प्यूटर, प्रिन्टर, युपिएस तथा अन्य उपकरण) २) ईलेक्ट्रिकल सामानहरु (जेनेरेटर एअर कण्डिशन, सि.सि.टिभि, पङ्खा, हिटर तथा अन्य सामग्रीहरु) ३) फर्निचरहरु ४) पुस्तक तथा पत्रपत्रिकाहरु ५) सवारी साधनहरु (मोटरसाईकल, स्कुटर) ६) सवारी साधनको पार्टपूर्जा (टायर, ट्युब, व्याट्री एवम् अन्य) ७) जार (२० लि.) तथा बोतल (१ लि., १/२ (आधा) लि.) को पिउने पानी ८) धारा तथा बाथरुमका सामानहरु ९) फ्लोरिङ्ग एण्ड फर्निसिङ्गका सामानहरु १०) स्वास्थ्य सामग्रीहरु (मास्क, पञ्जा, स्यानिटाईजर आदि) ११) उपहार सामग्रीहरु (पदक, मायाको चिनो, व्याच आदि) १२) जुट /प्लास्टिक ब्याग/फ्युमिगेशन सिट (त्रिपाल)/पोलिथिन ब्याग	(ग)	**परामर्श सेवा** १) तालिम सेवा २) सम्पति विमा सेवा, सवारी साधन विमा तथा अन्य विमा सेवा ३) सफ्टवेयर निर्माण, मर्मत तथा आपुर्ति सम्वन्धी सेवा ४) अडिट तथा अन्य परामर्श सेवा ५) भौतिक सम्पतिको मूल्याङ्कनको लागि वित्तीय विश्लेषण गर्ने अडिट फर्म ६) अन्य विज्ञ सेवा (कानूनी सेवा, ईन्जिनियरिङ्ग सेवा, खरिद विज्ञ सेवा, कन्सलटेन्सी सेवा, अध्यन अनुसन्धान सेवा) ७) परामर्श सेवा नेपाल वितिय प्रतिवेदन मान तथा अन्य लेखा सम्वन्धी कार्य
(ख)	**निर्माण/मर्मत सम्वन्धी कार्य** १) कम्प्यूटर उपकरण (कम्प्यूटर, प्रिन्टर, यु.पि.एस. तथा अन्य कम्प्यूटर उपकरण) मर्मत २) ईलेक्ट्रिकल सामानहरु (जेनरेटर, एयर कण्डिशन, सि. सि. क्यामरा, हाजिरी मेशिन, पङ्खा, हिटर तथा अन्य सामानहरु) मर्मत ३) सवारी साधनहरु मर्मत ४) फर्निचर (काठ तथा स्टिल दराज, टेबल, कुर्सी, कम्प्यूटर मेच, झ्याल, ढोका आदि) ५) भवन मर्मत तथा रङ्गरोगन ६) पार्टिशन सम्वन्धी कार्य ७) अन्य सानो तिनो निर्माण/मर्मत	(घ)	**अन्य सेवा** १) कुरियर सेवा २) नेटवर्क वायरिङ्ग (केवुलिङ्ग तथा ईलेक्ट्रीक वायरिङ्ग सम्वन्धी कार्य) ३) हवाई टिकट (ट्राभल एजेन्सी) सेवा ४) विक्री प्रवर्द्धन (विज्ञापन/मिडिया) ५) क्यान्टीन सञ्चालन ६) दुरसंचार शुल्क तथा ईन्टरनेट आपूर्ति सम्वन्धी सेवा ७) विभिन्न तालिम/बैठक/सेमिनारका लागि आवश्यक खाजा प्याकेट आपूर्ति सम्वन्धी ८) पलम्विङ्ग सम्वन्धी सेवा

मौजुदा सूचीमा दर्ता हुन आवश्यक योग्यताहरु

सार्वजनिक खरिद ऐन २०६३ को दफा १० को उपदफा (२) तथा सार्वजनिक खरिद नियमावलि, २०६४ को नियम १८ मा भएको कानुनी व्यवस्था बमोजिम आपूर्तिकर्ता /सेवा प्रदायकहरुलाई देहाय बमोजिम योग्यता तोकिएकोले आवश्यक कागजात सहित निवेदन पेश गर्नु पर्नेछ ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा आवधिक रुपमा नबिकरण गर्नुपर्ने भएमा सो खुल्ने कागजात ।

ख. स्थायी लेखा नम्वर (PAN) वा मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणित प्रतिलिपि (मु.अ. करमा दर्ता हुन पर्नेको हकमा मात्र)

ग. आ.व. २०८१/८२ को कर चुक्ता गरेको प्रमाणित प्रतिलिपि (आ.व २०८२/८३ मा स्थापित /दर्ता भएका संस्था/फर्म/कम्पनीको हकमा लागु नहुने)

घ. दिईएको कारोवार गर्न प्रचलित कानुनमा कुनै निकायको अनुमति/इजाजत लिनुपर्ने उल्लेख भएकोहकमा सो अनुमति तथा आवश्यकता बमोजिम नबिकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ङ. फर्म/कम्पनी कुनै सामग्रीको आधिकारिक वितरक भएमा सो जनाउने आधिकारिक कागजात ।

च. सम्वन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणित प्रतिलिपि ।

छ. तत्काल आपूर्ति गर्न सक्ने गरी सामान/उपकरणको उपलब्धता हुने व्यहोराको स्वघोषणा पत्र ।

ज. विक्री पछिको सेवाको व्यवस्था सुनिश्चित भएको कागजातको प्रमाणित प्रतिलिपि ।

झ. पेशागत कसुर गरे बापत सजाय नपाएको स्व-घोषणा पत्र ।

ञ. सार्वजनिक खरिद कार्यका लागि अयोग्य नभएको स्वघोषणा पत्र ।

ट. कार्यालयलाई आवश्यक पर्दा सहजै सम्पर्क गर्न मिल्ने गरी फर्म/संस्था/कम्पनीको स्पष्ट ठेगाना, फोन नं.,मोवाईल नम्वर र ईमेल ठेगाना खुलाई पेश गरेको हुनुपर्ने ।

ठ. मालसामान आपुर्तिको हकमा कम्पनीलाई आवश्यक परेको बखत सम्पर्क गर्न मिल्ने गरी कारोवारको प्रकृति अनुरुपको पसल/कार्यस्थलको फर्मको नाम समेत देखिने गरी खिचिएको फोटो तथा उक्त स्थानसम्म पुग्न सकिने नक्शा ।

ड. परामर्श सेवाको हकमा तोकिए बमोजिमको जनशक्ति परिचालन गर्न सक्ने प्रतिवद्धता सहितको कागजातहरु ।

अनुसूची-२क.

(नियम १८ को उपनियम (१) सँग सम्वन्धित)

मौजुदा सूचीमा दर्ता हुनका लागि दिइने निवेदनको ढाँचा

मितिः .....

श्री कार्यालय प्रमुख ज्यू,
कृषि सामग्री कम्पनी लिमिटेड
प्रधान कार्यालय काठमाडौं ।

विषयः- मौजुदा सूचीमा दर्ता गरी पाउँ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ को उपनियम (१) बमोजिम तपसिलमा उल्लिखित विवरण अनुसारको पुष्ट्याई गर्ने कागजात संलग्न गरी मौजुदा सूचीमा दर्ता हुन यो निवेदन पेश गरेको छु ।

तपसिलः

<table>
<tr><td colspan="4">१. मौजुदा सूचीको लागि निवेदन दिने व्यक्ति, संस्था, आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकको विवरणः</td></tr>
<tr><td colspan="2">(क) नामः</td><td colspan="2">(ख) ठेगानाः</td></tr>
<tr><td colspan="2">(ग) पत्राचार गर्ने ठेगानाः</td><td colspan="2">(घ) मुख्य व्यक्तिको नामः</td></tr>
<tr><td colspan="2">(ङ) टेलिफोन नं.ः</td><td colspan="2">(च) मोबाईल नं.ः</td></tr>
<tr><td colspan="4">२. मौजुदा सूचीमा दर्ता हुनका लागि निम्न बमोजिमको प्रमाणपत्र संलग्न गर्नुहोला ।</td></tr>
<tr><td colspan="4">(क) संस्था वा फर्म दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐
(ख) नविकरण गरिएको छ ☐ छैन ☐
(ग) मूल्य अभिबृद्धि कर वा स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र छ ☐ छैन ☐
(घ) कर चुक्ताको प्रमाणपत्र छ ☐ छैन ☐
(ङ) कुन खरिदको लागि मौजुदा सूचीमा दर्ता हुन निवेदन दिने हो, सो कामको लागि इजाजत पत्र आवश्यक पर्ने भएमा सो को प्रतिलिपी ☐ छ ☐छैन</td></tr>
<tr><td colspan="4">३. सार्वजनिक निकायबाट हुने खरिदको लागि दर्ता हुन चाहेको खरिदको प्रकृतिको विवरणः</td></tr>
<tr><td>(क) मालसामान आपूर्तिः (मालसामानको प्रकृति समेत उल्लेख गर्ने)</td><td></td><td>(ख) निर्माण कार्यः</td><td></td></tr>
<tr><td>(ग) परामर्श सेवाः (परामर्श सेवाको प्रकृति समेत उल्लेख गर्ने)</td><td></td><td>(घ) अन्य सेवाः (अन्य सेवाको प्रकृति उल्लेख गर्ने)</td><td></td></tr>
<tr><td>निवेदन दिएको मितिः

आ.व. :</td><td colspan="2">फर्मको छापः</td><td>निवेदकको नामः

हस्ताक्षरः</td></tr>
</table>